मिति २०७९/१०/२२ कृषि ज्ञान केन्द्रको सभाहलमा किसान संघर्ष समिति चितवनले आयोजना गरेको छलफल कार्यक्रममा राष्ट्रिय किसान आयोगका सदस्य श्री टेक बहादुर बोगटीज्यूलाई तरकारी तथा कृषिजन्य वस्तुको उचित मूल्य प्राप्त नभएको लगायतका विषयहरु उल्लेख गर्दै किसान संघर्ष समितिका संयोजक लेखनाथ भुसालबाट ज्ञापन पत्र पेश गरियो ।उक्त कार्यक्रममा किसान संघर्ष समितिको तर्फबाट हाल सम्म संघर्ष समितिबाट भएगरेका कार्यहरु बारे जानकारी दिदै स्वदेशी तरकारी तथा पशुजन्य उत्पादनलाई सरकारी निकायबाट संरक्षण दिनुको साथै प्रोत्साहन गरी भारतीय बजारबाट आयातित तरकारी तथा कृषिजन्य वस्तु निषेध गरिनु पर्ने, किसानहरुको सूचिकारण, वर्गिकरण एवं परिचयपत्र प्रधान गरिनु पर्ने, उत्पादन र क्षेत्रफलको आधारमा अनुदान दिने नीति निर्माण गरिनु पर्ने, कृषिलाई औद्योगिकीकरण गरिनु पर्ने, तरकारी तथा कृषिका वस्तुहरुमा लागत मूल्यका आधारमा समर्थन मूल्य निर्धारण गरिनु पर्ने बजार मूल्य कम भएमा जती मूल्य कम हुन्छ सो मूल्य बरबरको रकम सरकार बाट अनुदान उपलब्ध गराइनु पर्ने, कृषि उत्पादन सामाग्रीहरु (रासायनिक मल, बीउ, विजन, विषादी) सर्वसुलभ रुपमा कृषकहरुलाई उपलब्ध गरिनु पर्ने, सरकारको मातहतमा रहेका बाँझो जमिनमा खेती गर्ने ब्यवस्था गरिनु पर्ने, कृषि प्राविधिकलाई किसानको खेतबारीमा उपलब्ध हुने ब्यवस्था गरिनु पर्ने, सहुलियतपूर्ण ऋणको किस्ता तिर्ने अवधि अपुग भएको विषयमा सम्बन्धित सरोकारवाला निकायहरुको ध्यान आकर्षण गर्नु भएको थियो ।

उक्त अवसरमा कृषि ज्ञान केन्द्र, चितवनका प्रमुख श्री युवराज पाण्डे र भरतपुर महानगर पालिकाका आर्थिक विकास महाशाखाका प्रमुख श्री तेजेन्द्र पौडेललाई उक्त ज्ञापन पत्र बुझाइएको थियो । कार्यक्रममा कृषि ज्ञान केन्द्रका प्रमुखले किसानहरुबाट प्रस्तुत भएका जायज मागहरुलाई पुरा गर्ने प्रतिवद्धता जाहेर गर्दै सम्बन्धित निकायमा जानकारी गराउने प्रतिवद्धता जनाउनु भयो । त्यसै गरी भरतपुर महानगरपालीकाका आर्थिक विकास महाशाखाका प्रमुख तेजेन्द्र पौडेललाई ज्ञापन पत्र बुझाइएको थियो । उक्त कार्यक्रममा कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन इकाई, चितवन भरतपुर महानगरपालीकाको आर्थिक विकास महाशाखाबाट संचालित कृषि विकास कार्यक्रमहरुको समेत छलफल भएको थियो । कार्यक्रम संचालन हुनु भन्दा पहिले राष्ट्रिय किसान आयोगबाट आयोगका सदस्य टेक बहादुर बोगटीको नेतृत्वमा सदस्य सचिव सहित अध्ययन गर्न गएको टोलीले चितवनमा उत्पादन गरिएको तरकारीको फिल्ड निरीक्षण समेत गरेको थियो । निरीक्षणको क्रममा सायौ विघामा लगाइएको गोलभेडा बोटमै झरी खेर गएको अवस्था रहेको पाइयो ।

कार्यक्रममा राष्ट्रिय किसान आयोगका सदस्य सचिव दुर्गा प्रसाद पण्डितले किसानहरुका गुनासाहरु आयोगको निःशुल्क टोल फ्रि नम्बर **१६६००१०६१८२** मा समेत सिधै सम्पर्क गरेर किसानका गुनासोहरु पठाउन सक्ने जानकारी गराउनु भयो । आयोगका सदस्य टेक बहादुर बोगटीज्यूले किसान संघर्ष समितिले राखेका जायज मागहरु सरकारका निकायहरुमा पेश गरी उक्त मागहरु पूरा गराउने कार्यमा लागिरहने प्रतिवद्धता समेत जाहेर गर्नु भयो ।



















